



# बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily






वर्ष ४ | अंक १८५ | ०३ माघ २०७५ बिहीबार | 17 January 2019 Thursday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ


### ८ महिने गृहकार्यको नतिजा

# प्रहरी इन्सपेक्टर मात्रै प्रदेश मातहत



ललितपुर २ माघ

सरकारले आठ महिनालामो गृहकार्य गरेर नेपाल प्रहरीको गठन र परिचालनको विषय टुंगोमा पुराएको छ । फलस्वरुप अब नेपाल प्रहरी र प्रदेश प्रहरी समन्वय गर्न छुट्टै समिति हुने भएको छ । संसदमा पेश भएको विद्येयक हुवहु स्वीकृत भएका इन्सपेक्टरसम्म मात्रै प्रदेश मातहत रहने स्पष्ट भएको छ । नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वय गर्न संघीय संसद्मा विधेयक पेस भएको हो ।संघीय संरचनामा गइसकेपछि प्रहरीको भूमिका कस्तो हुने भन्नेबारे ८ महिना लामो गृहकार्य र छलफलपछि विधेयक संसदमा दर्ता भएको हो। संसदमा पेस भएको यो विधेयकमा प्रहरीलाई दुई भागमा बाँडेर राखिएको छ– नेपाल प्रहरी र प्रदेश प्रहरी । जसमा दुवै प्रहरीका साथै प्रदेश प्रहरी प्रमुखको काम, कर्तव्य र अधिकार समेटिएको छ। नेपाल प्रहरीले संघीय कानुन बमोजिम अपराध अनुसन्धान गर्नेछ भने प्रदेश प्रहरीले प्रदेश कानुन बमोजिम गर्ने विधेयकमा उल्लेख गरिएको छ। सूचना संकलन, अपराध रोकथाम, भिड नियन्त्रण, सुरक्षित समाज निर्माण, महत्वपूर्ण व्यक्ति, स्थान, प्रतिष्ठानहरुको सुरक्षा लगायतका कामहरु प्रहरीले गर्नेछ।विद्येयकका मुख्य प्रावधान यस्ता छन् :

**समन्वय गर्न छुट्टै समिति :**

नेपाल प्रहरी र प्रदेश प्रहरीबीचको समन्वय कायम गर्नका लागि प्रहरी समन्वय समिति गठन गरिनेछ। जसमा नेपाल सरकारका गृहमन्त्री अध्यक्ष रहनेछन्। सबै प्रदेशका आन्तरिक मामिला हेर्ने मन्त्रीहरु, गृह मन्त्रालयका सचिव, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक सदस्य रहनेछन् भने गृह मन्त्रालयका सहसचिव सदस्य सचिव रहने व्यवस्था छ। यो समितिले प्रदेश प्रहरी र नेपाल प्रहरीको परिचालन, नेपालभरको शान्ति सुरक्षा, सुव्यवस्था कायम गर्न प्रहरीले निर्वाह गर्नुपर्ने भूमिका लगायतका विषयमा काम गर्नेछ।

**पहिलो पटक समायोजन :**

प्रदेश प्रहरीको गठन गर्दा पहिलो पटकको लागि नेपाल प्रहरीबाटै समायोजन गरिने र त्यसपछिका दिनहरुमा भने प्रदेश कानुन बमोजिम प्रदेश प्रहरीको गठन हुने उल्लेख गरिएको छ। प्रदेश प्रहरी प्रमुखले आफ्नो प्रदेशभित्र हुने गरेका अपराधका घटना रोकथाम, अपराध अनुसन्धान, शान्तिसुरक्षा व्यवस्थापन लगायतका काम कारबाहीहरु प्रदेश कानुन बमोजिम गर्नुपर्ने उल्लेख छ।तर, सार्वजनिक आवगमनका सम्बन्धमा प्रदेश प्रहरी प्रमुखले नेपाल प्रहरीलाई भएको अधिकार प्रयोग गर्न सक्ने उल्लेख छ। त्यस्तै सूचना र सञ्चार प्रविधिसँग सम्बन्धी उपकरणहरुको प्रयोग गर्दा नेपाल प्रहरीसँग समन्वय गर्नुपर्ने हुन्छ। शान्तिसुरक्षाको काम गर्नुपर्ने बेला प्रदेश प्रहरी र नेपाल प्रहरी संयुक्त रुपमा सञ्चालन हुने अवस्था आएमा प्रदेश प्रहरीले नेपाल प्रहरीको निर्देशन र निगरानीमा गर्नुपर्ने हुन्छ।

(बाँकी ३ पेजमा)

# थारुको अधिकारलाई संविधानले सुनिश्चत गरेको छः मन्त्री चौधरी





**दिपक के.सी.**
कपिलवस्तु २ माघ

नेपालको संविधानले आदीबासी थारुहरुको हक अधिकारलाई सुनिश्चित गरेको प्रदेश नम्वर ५ का भौतिक तथा पुर्वधार विकास मन्त्री वैजनाथ चौधरीले वताएका छन । १७ लाख भन्दा वढी जनसख्या रहेको थारु सुमदायलाई अलग राखेर सरकार सफल नहुने चौधरीले बताए । कमैया प्रथाबाट लामो संर्घषले मुक्ति पाएको स्मरण गर्दै अब राज्यले पनि थारु समुदायको हकहितलाई संरक्षण गदै कानुनत थारुको अधिकारलाई सुरक्षित गरेको जिकिर गरे ।

मन्त्री चौधरीले संविधानमा रहेको समावेशी तथा समानुपतिक प्रणाली लागु भएको भन्दै सवै एकजुट भएर सविधान पालना गर्न तर्फ लाग्नुपर्ने वताए । कपिलवस्तुको चन्द्रौटामा थारु कल्याणकारी सभा कपिलवस्तुको आयोजनामा आयोजित नवौं कपिलवस्तु माघी खिचडी महोत्सवको उद्घाटन गर्दै मन्त्री चौधरीले स्थानिय सरकार ,प्रदेश सरकार र संघिय सरकारमा थारु समुदायको सहभागीतालाई अझ शशक्त बनाउनु पर्ने उल्लेख गरे ।

कपिलवस्तुका अधिकांश स्थानिय तह तथा जिल्ला समन्वय समितिमा समेत थारु समुदायको व्यक्तिको प्रतिनिधित्व रहेकोले अव मजबुत हुन आवश्क रहेको उनले बताए । राज्यले कमैया प्रथा अन्त्य गरेर थारु सूमुदायलाई मान सम्मान र अवसर दिएको वताए । मन्त्री चौधरीले थारुका हक हित को लागी आफु पनि आन्दोलनमा होमीएको स्मरण गरे ।

(बाँकी २ पेजमा)

# जिल्लाकै उच्च अतिक्रमण बाणगंगामा

**बिकास थापा**
कपिलवस्तु २ माघ



कपिलवस्तु जिल्लाको कुल क्षेत्रफल १ लाख ७३ हजार ८ सय हेक्टर मध्ये करिब ६२ हजार २ सय ११ हेक्टर वन क्षेत्र रहेको छ । बनक्षेत्र मध्ये जिल्लामा अहिले ११ हजार ३ सय ५९ हेक्टर वन क्षेत्र अतिक्रमणको चपेटामा परेको जिल्ला वन कार्यालय कपिलवस्तुको तथ्याङले देखाएकोछ ।

जिल्लामा पटना ,वक्डेरिया,गुगौली,शिवगढी, ठकुरापुर , चेतरादेई , मोतिपुर ,पिपरा , विरपुर ,चम्पापुर ,खरेन्द्रपुर ,विसनपुर , जवावैराठ , गोरुसिङ्गे र शिवपुरमा बन अतिक्रमण हुदै आएको छ । जिल्लामा सबै भन्दाबढी वाणगंगा नगरपालिकाको पटना क्षेत्रमा करिब ८१७.२८ हेक्टर वन क्षेत्र अतिक्रमण भएको डिभिजन बन कार्यालय तौलिहवाले जनाएको छ । त्यो पनि मायादेवि साझेदारी बन क्षेत्र अन्तर्गत अतिक्रमण गरिएकोहो ।

आर्थिक बर्ष ०६७ /६८देखी ०७३/०७४ सम्ममा जम्मा ८ सय ३६.७६ हेक्टर बन अतिक्रमण हटाई बनक्षेत्र कायम गरिएको छ । यस्तै ०७४/०७५ मा ५५.८ हेक्टर बन अतिक्रमण ब्यवस्थापन गरिएको छ । यसैगरि आर्थिक बर्ष ०७४/७५ सम्ममा ८९३.५६ हेक्टर अतिक्रमण हटाई बृक्षारोपण गरि बन क्षेत्र कायम गरिएको छ । वस्ती , टहरा निर्माण तथा खेतिपाती गरेकालाई हटाई बृक्षारोपण गरिएको हो । डिभिजन बन कार्यलय तौलिहवाका प्रमख इश्वरी पौडेलका भन्नु हुन्छ यसपाली स्थानीय र प्रदेश सरकारसंग सहकार्य गरेर अतिक्रमित ठुलो क्षेत्रमा बन कायम गर्ने काम अघि वढाइनेछ ।

वन क्षेत्रमा अतिक्रमण बढेपछि रोक्ने प्रयास गरिए पनि पुरानो बस्ती,बैकल्पिक स्थान अभाव र राजनीतिक हस्तक्षेपले अवरोध भएको बताइएको छ । वन क्षेत्र अतिक्रमण गर्नेलाई वन अतिक्रमण ऐन २०६८ अनुसार कारबाहीको प्रक्रिया अगाडी बढाइएको र कतिपयलाई कारबाही समेत गरीएको कार्यालयले जनाएको छ । बन अतिक्रमण रोक्न राजनीतिक दलको सहयोग नपाउदा सफलता नपाएको बन कार्यलयको भनाइछ । मायादेवि साझेदारी बन ब्यवस्थापन समितिका अध्यक्ष अजिज खाँका अनुसार सर्वदलिय सहमति गरेर अतिक्रमण हटाउने अभियान चाल्न पहल भैरहेको छ । जिल्ला स्थित डिभिजन बनको अग्रसरतामा

(बाँकी २ पेजमा)

# विकासको हुटहुटी देखिनु पर्नेः सांसद पन्थी



**कोपिला पोखेल**
कपिलवस्तु २ माघ

प्रदेश ५का सांसद बिष्णु पन्थिले कपिलबस्तुवासीमा बिकासको हुटहुटी बढ्नु पर्ने बताउनु भएकोछ । बाणगंगा नगरपालिकामा जस्तो हुटहुटी दक्षिणी क्षेत्रमा आउने हो भने विकासले असाधारण फड्को हान्ने पन्थीको दाविछ । दक्षिणी भेग र उत्तरी भेगमा समान वजेट दिदा कहाँ बढी काम होला ? भन्ने प्रश्न राख्दै दक्षिणका जनतालाई सोध्ने हो भने उत्तरमा बढी हुन्छ भन्ने जवाफ आउछ उहाले स्पष्ट पार्नु भयो । यस्तो किन ? भन्दै पन्थीले त्यहाका स्थानीय जनप्रतिनिधीले जनताको विश्वास जित्नु पर्ने तर्क गर्नु भयो । सांसद पन्थीले आफनो क्षेत्रको बिकास म आफै गर्छु भन्ने भावनाको बिकास भए कपिलबस्तुको मुहार छिटै फेरिने स्पष्ट पार्नु भयो । प्रदेश सरकार र प्रदेश सभाले किनेका सवारी साधन खरिद प्रकरणमा उठेका बिषयको सत्य तथ्य रिपोर्ट छिट्टै बाहिर ल्याउनु पर्नेमा जोड दिनुभयो । सांसद पन्थीले कपिलवस्तुको बुद्धआवाज टेलिभिजनलाई दिएको अन्तर्वातामा यस्तो वताउनु भएको हो । उँहाले एकल प्रयासले मात्र कुनै ठाँउको प्रगति नहुने बताउदै कपिलवस्तुको बिकासमा सडक, सिचाई, पर्यटनको क्षेत्रमा प्रदेश सरकारले गुरुयोजना बनाएरै अघी बढेको बताउदै बिकासमा धेरै फड्को मार्ने दाबी गर्नुभयो । ५ नं. प्रदेशको राजधानी र नामाकरण तोक्न गठित कार्यदलका सदस्य समेत रहनुभएका सांसद पन्थीले प्रदेशको स्थायी राजधानीको नामका बिषयमा त्यती बिबाद नहुने बिश्वास गर्नुभयो । यद्यपी स्थान भने प्रदेशलाई हरेक तरिकाबाट उपयुक्त हुने स्थानमा तोकिने उहाको भनाई रहेको छ ।







बुद्ध दर्पण राष्ट्रिय दैनिक

# सम्पादकीय

## शुभ माघी

माघ सक्रान्ति: ।माघी पर्व ।उत्तरायणारम्भ:, घ्योचाकुसल्हु, देवघाटमकरस्नानारम्भ:, ल.पु.शंखमुलस्नानं, रुरु (रिडी)क्षेत्रे त्रिदिवसीय मेला, तेह्रथुम गौखुरी मेला । हिमाल पञ्चाङ्गम्ले गरेको वर्णन हो यो, जो ब्राह्मणवादमा आधारित छ । यस्तोखाले कर्मकाण्डी पात्रो छैन जनजातिको । त्यसैले वर्णन र व्याख्या गर्ने थरिथरिका तौर-तरिका उल्लेख गरेको पाइदैन । प्रकृतित्व कायम छ त्यहाँ, जहाँ परिश्रम र पौरखले निर्धारण गर्छ पर्व मनाउने परम्परा पनि । पहाडका मगर र तराईका थारुमा बाँकी छन् अवशेष अझै ।

तराई/मधेशमात्र हैन, हिजो पुरै नेपालमा मनाइयो माघी अर्थात् मकर सक्रान्ति । पवित्र नदी, कुण्ड, सरोवर, तलाउ आदिमा गएर नुहाएर, शुद्ध भएर, खिचडी, तिलको लड्डु, घिउचाकु, सकरखण्ड, तरुल आदि कन्दमूल खाएर मनाए तागाधारीले । मतवालीले मनाउने तरिका पनि मजाकै छ । नाचेर, गाएर, मांस मदिरा खाएर, उन्मुक्त भएर, उल्लासित हुँदै रमाउने माघीका दिन तराईका आदिवासी जनजाति एवं भूमिपुत्र थारु र पहाडका मगरहरु हेर्दा ठ्याक्कै दुईभाइजस्ता लाग्छन् । रुप, रंग, जीवनशैली, उचाई, इमान्दारीमा उच्च र अब्बल । त्यसैले माघी पर्व मनाउन, उत्सवका रुपमा उपस्थिति जनाउन र रमाउन ती दुवै जातिले गरेको लगानी कम छैन, देखिदैन । अरुहरुकोभन्दा फरक छ । छलकपट, रकमीपन र राजनीति छैन रति पनि ।

परम्परागत पवित्र पर्वमा पनि राजनीतिले यतिधेरै विकृति थप्यो कि फलानाका पर्वलाई सरकारी विदा(छुट्टी) दिइन्छ, फलानाकालाई दिइदैन भन्ने चलन चलाइयो । साँस्कृतिक सँस्कारभित्रको विकारको सिकार पर्वलाई वनाउँदा विवाद र विग्रह बढेको छ । संघीय, प्रादेशिक र स्थानीय सरकारले मिलाउलान् अब । जहाँ जस्को बाहुल्यता छ त्यहाँ त्यसैले प्राथमिकता पाउने र सरकारले सघाउने प्रक्रियाको थालनी पनि होला ।

बुद्ध दर्पणले शुभकामना अर्पण गर्छ माघीका मांगलिक कार्यमा । पूर्वमहान्यायाधिवक्ता रामानन्दप्रसाद सिंहले तराईका थारुजाति गौतम बुद्धका बंशज भएको जिकिर गरेका छन् । नेवार जातिका शाक्यले पनि आफ्नै भन्छन् र मान्छन् । आर्य कुलका हिन्दुहरु र मंगोल बंशका जनजातिहरुका आकार र प्रकार शरीरले नै छुट्याएको देख्नसकिन्छ । भेष र भाषा, रहनसहन र खानपानले त झन् छुट्याएकै हुन्छ । त र ट छुट्टिदैन बोलिचालिमा । दाह्री जुँगा पनि कमै आउँछन् जस्ले माघीलाई महोत्सवका रुपमा मनाउँछन् ।

कपिलवस्तु जिल्लामा पनि थारु र मगर जातिले महोत्सव गरे, मनाए र मनाउँदैछन् । अरुहरुले सहभागिता जनाउँदैछन् । थारुहरुको बाहुल्यता भएको जिल्ला हो यो र यसमाथिका जिल्लामा मगरहरुको उपस्थिति बाक्लै छ अरुहरुकोभन्दा । जो जहाँ बस्यो, बाँच्यो र जीवन निर्वाह गर्‍यो, ऊ त्यहिँको आदिवासी भयो । खाट्टी थारुहरुलाई औलो(मलेरिया)रोग लाग्दैन भनिन्छ । घना जंगल फाँडेर वस्ती बसाल्ने काम उनीहरुले नै गरेका हुन् यहाँ । रुकुम, रोल्पा, पाल्पा, प्युठान, गुल्मी र अर्घाखाँची आदि जिल्लामा मगरहरुले गरे होलान् । तर लिपीको विकास भैसकेपछि लेखिएका पुराणहरुमा देवता र दानवका वर्णन गर्दा मेहनती, परिश्रमी, उत्पादनमूलक काममा खट्नेहरुलाई पठित पण्डित र पुरेतहरुले न्याय गरेनन् । पूर्खाले गरेका गल्तीको सजाय अहिलेको पुस्तालाई नदिइयोस् ।

## जिल्लाकै उच्च...

मायादेवि साझेदारी बनले अतिक्रमण विरुद्ध कडा कदम नचाल्ने हो भने बन क्षेत्र समाप्त हुने खाँको भनाइछ ।

कपिलवस्तुमा अतिक्रमण हटाउन हरेक वर्ष लाखौ रकमको कार्यक्रम आउछ तर सो रकम केवल अनुगमन र सदरमुकाममा छलफल गरेरै सकिने गरेकोछ ।खासगरि जिल्लावन प्रमुख कृष्णदत्त भटट रहदा सम्म अतिक्रमण हटाउने ठोस काम नभएको वताइन्छ। त्यसअघि ठोस रुपमा योजना वनाएर स्थलगत रुपमा खटिएरै लाग्दा केहि अतिक्रमण हटेका छन् ।

यस्तै आर्थिक बर्ष ०७४/७५ मा जिल्लाका सामुदायिक बन , साझेदारी बन , निजी बन ,सरकारद्धारा ब्यवस्थित बन , जिल्ला बन पैदावर समिति तथा मुद्धाबाट ९ करोड ०३ लाख ४६ हजार ९सय राजश्व संकलन भएको छ ।

# हामी कस्तो बाटो हिंडिरहेका छौं ?

लेखनाथ भण्डारी



हाम्रो सनातन नीतिले भन्छ– नमागेको सल्लाह कसैलाई पनि नदिनू। तर आफ्नो जन्मभूमिमा देखिएका त्यस्ता अनगिन्ती बेथितिका विरुद्धमा मुखै नखोल्नु वा केही सकारात्मक सन्देश नै भए पनि नलेखी बस्नुचाहिँ पक्कै सुहाउने भएन। नजिकको तीर्थ हेलाँ भनेजस्तो नजिक बस्दा यस्ता कतिपय विषय तपाईंहाम्रो चासो वा कुनै महत्त्वको नहुन पनि सक्छ। तर जति टाढा भयो त्यति माया गाढा त हुन्छ नै। त्यसमा पनि नजिकै बसेर हेर्दाभन्दा अलिक टाढाबाट हेर्दा आफूभन्दा ठूलो वस्तुलाई पनि राम्ररी देख्न सकिने रहेछ। टाढाबाट हेर्दा नै राम्रो के हो र नराम्रो के हो, छुट्ट्याउन पनि सजिलो हुँदोरहेछ।

मानौं, कुनै बडेमानको हात्ती तपाईंहाम्रो सामुन्ने नै उभिएको छ भने डर त लाग्छ नै, तर त्यसको शरीरका सबै भाग कस्तो छ देख्न पनि सकिन्न। अगाडिबाट हेर्दा सुँड वा दाँत रहेछन् भने त्यही मात्र देखिएला। पछाडिबाट हेर्दा पुच्छर वा खुट्टा मात्र। दाया-बायाबाट हेर्दा खम्बो, कालो भित्तोजस्तो मात्र लाग्ला। तर अलिक टाढा गएर हेर्दा वा कुनै अलिक अग्लो रूखमा चढेर हेर्दा हात्तीका सबै अंग छुट्ट्याउन पनि सकिन्छ। देश वा समाज पनि यस्तै रहेछ, हात्ती नजिकबाट हेरेजस्तै कतिपय डर वा स्वार्थले वा धेरै नजिक भएकाले केकस्ता समस्या छन् वा अवस्था कस्तो रहेछ भनेर यकिन गर्न गाह्रो हुने रहेछ। नजिक हुँदा त डर मात्र होइन, आफू पनि त्यही समाजमा बस्नु र बाँच्नुपर्नेजस्ता अन्य स्वार्थ पनि जोडिन सक्ने भएकाले दूधको दूध पानीको पानी भनेजस्तो मुख खोल्न सोच्नुपर्ने हुन सक्छ।

नेपाली जनताको अहिलेको अपेक्षा र आवश्यकता के हो भने चारभन्दा कम शब्दमा भन्नुहोस् भनेर प्रश्न गर्दा नेपालको सामाजिक जीवनसँग चासो राख्नुहुनेहरू अधिकांशको एउटै उत्तर छ– शान्ति र विकास। पंक्तिकारले सयजनासँग अनौपचारिक रूपमा राखेको त्यस जिज्ञासामा शान्ति र विकास मात्र उल्लेख गर्नुहुनेहरू ४१ जना हुनुहुन्छ भने शान्ति र सुशासन उल्लेख गर्नुहुने ३७ जना, १५ जनाले शान्ति स्थापना र भ्रष्टाचार नियन्त्रण उल्लेख गर्नुभएको छ भने बाँकी सातजनाले विकासलाई मात्र प्राथमिकतामा राख्नुभएको छ।

नेपालको बारेमा चासो राख्नुहुने सयजनाले नै समान समस्या वा आवश्यकता औंल्याउनुभएको छ शान्ति। विकास, सुशासन वा भ्रष्टाचार नियन्त्रणसँग जोडेर शान्ति शब्द नै उल्लेख गर्नुहुनेहरू ९३ जना हुनुहुन्छ भने विकास मात्र उलूलेख गर्नुहुने सातजनाको अन्तर्य पनि पक्कै शान्ति नै हो। शान्ति नभई विकास सम्भव हुन्न। त्यस्तै शान्ति स्थापना, सुशासन वा भ्रष्टाचार नियन्त्रण उल्लेख गर्नुहुनेहरूको अन्तर्य पनि पक्कै विकास हो किनकि शान्ति, सुशासन कायम हुनु वा भ्रष्टाचार नियन्त्रण हुनु पनि विकासको बाटोमा लम्कन सुरु गर्नु नै हो। यसरी सयजनाले उल्लेख गर्नुभएको शान्ति, विकास, सुशासन र भ्रष्टाचार नियन्त्रणको निचोड भनेको शान्ति र विकास नै हो। नेपाली जनताको सपना र आवश्यकता पनि यही नै हो। गत साताका केही नेपाली सञ्चारमाध्यममा प्राथमिकताका साथ आएका केही समाचारका उदाहरण हुन् यी–

१. मेडिकल कलेजहरूले सरकारले तोकेको अधिकतम शुल्क ३८/४२ लाख रुपैयाँका अतिरिक्त ६० लाख रुपैयाँसम्म पनि असुलेको पाइयो। तर त्यसरी अनधिकृत शुल्क असुल्नेमाथि कारबाही वा अनधिकृतरूपमा असुलेको रकम फिर्ता भएको पाइएन।

२. सुदूरपश्चिम विश्वविद्यालयका १४ आंगिक क्याम्पसका ३३४ प्राध्यापक तथा कर्मचारीले विगत ६ महिनादेखि तलब सुविधा पाएका छैनन्।

३. बारा जिल्लाको सदरमुकाममा ६ सयभन्दा बढी विद्यार्थीलाई पठनपाठन गराउन सकिने क्षमता भएको सुविधासम्पन्न सामुदायिक अर्थात सरकारी विद्यालयमा भने आधा पनि विद्यार्थी भर्ना नभएको तर सोही विद्यालयको आडमै रहेको तीन सय विद्यार्थीलाई पठनपाठन गराउन पनि न्यूनतम सुविधा नभएको निजी विद्यालयमा भने क्षमताभन्दा धेरै करिब ६ सय धेरै विद्यार्थी रहेको।

तर त्यसरी सुविधासम्पन्न सामुदायिक विद्यालयको आडैमा निजी विद्यालय खोल्न अनुमति दिने र पठनपाठनका लागि न्यूनतम सुविधा नभएको टहरामा बालबालिकालाई भेडाबाख्रा झैं खोजेर राख्नेहरू कसैमाथि कारबाही भएको पाइएन।

३. काठमाडौंको बूढानीलकण्ठस्थित एक सुधार गृहमा मापदण्डविपरीत बालबालिका, महिला तथा वृद्धलाई राखिएको मात्र होइन, यातनासमेत दिइने गरेको। सुधार गृहको अनुमति दिएर यस्तो व्यवहार हुँदा पनि अनुगमन नगर्ने निकाय र सञ्चालकमाथि के कारबाही भयो ? समाचारमा उल्लेख गरिएन।

४. कर्मचारीको हडतालका कारण वीरगन्ज महानगरपालिकाको फोहोर सडकमा थुप्रिन थाल्यो। यी समाचारबाहेक आयल निगमको भ्रष्टाचार, वाइडबडी विमानको विवाद, वैदशिक रोजगारमा हुने मनपरी, कर्मचारी समायोजन समस्या, सांसद सचिवालयका कर्मचारीको असहयोगका कारण प्रधानन्यायाधीशको पूर्वनिर्धारित संसदीय सुनुवाइ प्रभावित भएकोलगायतका समाचार त राष्ट्रिय गौरवसँग जोडिएका विषयभन्दा कम छैनन्।

यी ज्यादै थोरै केही त्यस्ता नमुना समाचार मात्र हुन्। यस्ता अनगिन्ती समाचार दिनहुँ सार्वजनिक हुने गर्छन्। अनि तिनमा नाम जोडिन्छ– राष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, मन्त्री, सुरक्षा प्रमुख वा सचिवहरूको। प्रश्न उठ्छ- राष्ट्रपतिको काम के ? के हेरेर बसेका छन् प्रधानमन्त्री ? मन्त्रीको काम कमिसन खाने मात्र हो ? प्रहरी महानिरीक्षकले बर्दी कहिले खोल्ने हुन् ? सचिव कहाँ बेपत्ता ? अदालत भ्रष्टाचारको अखडा कहिलेसम्म ? यस्तो लाग्छ, हाम्रो समग्र समाजका सबै थिति र बेथितिका कारण पनि र निवारण पनि उनीहरू नै हुन्। अर्थात ब्रह्मा, विष्णु, महेश्वर भनेजस्तो। मानौं, उनीहरू नै सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता हुन् र यिनकै कमजोरीका कारण हामीले यी सबै भुक्तमान भोग्न बाध्य हुनुपरेको छ। त्यसो त नेपाल विश्वको सानो एउटा देश हो। सानो र ठूलो जे होस्, आजको विश्वमा रहेका स्वतन्त्र र सार्वभौमसत्तासम्पन्न अन्य सबै देशहरूजत्तिकै अस्तित्व भएको देश हो नेपाल। नेपालमा पनि अन्य देशहरूमा भएजस्तै देशमा हुनुपर्ने सबै मापदण्ड छन्।

राज्यको नीतिनिर्माण तहमा बस्नेहरू अर्थात प्रधानमन्त्रीदेखि मन्त्री, सांसदहरू वा राजनीतिक पार्टीका पाका र वरिष्ठ भनिएका नेताहरू देशमा अवलम्बन गर्न खोजिएको राज्य व्यवस्था निर्माणमा भन्दा पनि सस्ता भाषणबाजी, दोसल्ला दोपट्टा, शिलान्यास, उद्घाटन, पार्टीको आन्तरिक झगडा आदिमै ज्यादा अलमलिएको देखिन्छ। जनसंख्या, भूगोल, प्राकृतिक साधनस्रोत, खाद्यान्न, शिक्षा, स्वास्थ्य, शान्ति सुरक्षालगायतका आधुनिक विकासका सबै विधि-प्रविधि भित्रिएको छ नेपालमा। प्रजातन्त्र, मानव अधिकार, प्रेस स्वतन्त्रता आदिको पूर्ण ग्यारेन्टीसहित लोकतान्त्रिक गणतन्त्रको बाटोमा अग्रसर देश हो नेपाल। जनसंख्या तीन करोडमाथि पुगेको भए पनि सबै प्रकारले देश बाहिर बस्नेहरूको संख्या पनि एक करोड पुग्न सक्छ। देशभित्र नियमित बसोवास गर्ने दुई करोड केही बढी नै जनसंख्याको सेवासुविधाका लागि जनताबाट निर्वाचित पुगनपुग ४० हजार जनप्रतिनिधि निर्वाचित भएर छरिएका छन् देशभरि नै।

हिसाब गर्दा एकजनाजना प्रतिनिधि बराबर त पाँच सय जनता मात्र पो हिसाब लाग्दोरहेछ १ एकजना जनप्रतिनिधिबराबर पाँच सय जनता त कुन ठूलो संख्या हो र ? स्थानीय जनप्रतिनिधिहरूको मात्र गणना किन ? यी निर्वाचित जनप्रतिनिधिसँग प्रतिस्पर्धा गर्नेहरूको संख्या त योभन्दा पनि दोब्बर नै छ। संघीय संसद् र प्रदेश संसद्मा निर्वाचितबाहेक प्रतिस्पर्धीहरू पनि दोब्बर नै हुने भए। निजामती कर्मचारी, सेना, प्रहरी, शिक्षकलगायत राज्यका सबै प्रतिनिधिको गणना गर्ने हो भने त पाँच लाखबराबर राज्यका प्रतिनिधि देश हित र जनसेवाका लागि अहोरात्र नै खटिएका छन् नेपालमा। मानौं, पाँच लाख राष्ट्रसेवकले तीन करोड जनताका लागि सेवा गर्ने हो भने त एकजना राष्ट्र सेवकबराबर ६० जना मात्र सर्वसाधारण जनता भाग लाग्ने रहेछन्। एकजना जननिर्वाचित जनप्रतिनिधि वा राष्ट्रसेवकका लागि ६० जना सर्वसाधारण जनताको सेवा गर्नु भनेको ८/१० परिवार भएको एउटा सानो गाउँका बारेमा ख्याल गर्नुजतिको पनि होइन। नेपाली समाजको संरचनाअनुसार त एउटा परिवारका आफन्तहरूको संख्या पनि योभन्दा धेरै हुन्छ।

हाल नेपालमा संघीय सांसद २७५ जना, प्रदेश सभा सदस्य ५५० जना, स्थानीय निकाय ५५३ जना रहेकोमा यहाँ निर्वाचित वडा सदस्यसमेत ३५ हजार २१८ जना स्थानीय जनप्रतिनिधि छन्। यसबाहेक सेनाको संख्या १ लाख ५ हजार, जनपथ प्रहरी ७५ हजारभन्दा माथि, सशस्त्र प्रहरी करिब ४० हजार, निजामती कर्मचारी एक लाख ३८ हजारबराबर, सामुदायिक अर्थात सरकारी विद्यालयमा पढाउने शिक्षक डेढ लाखबराबर, सरकारी कलेज र विश्वविद्यालयहरूमा प्राध्यापन गर्नेहरू १८ हजारभन्दा धेरै छन्। मन्त्री तथा अन्य विशिष्ट पदाधिकारीहरूका सचिवालयमा कार्यरत कर्मचारी एक हजारभन्दा माथि, संस्थान कर्मचारी ३० हजारभन्दा धेरै तथा अस्थायी, करार वा ज्यालादारी कर्मचारीहरूको संख्या पनि ३५ हजारभन्दा माथि छ। यसबाहेक निजी कलेज र निजी विद्यालयमा पढाउनुहुनेहरू अनुमान गरौं, थोरैमा २५/३० हजार हुनुपर्छ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय सामाजिक संघसंस्थामा कार्यरत, लेखक र पत्रकार, सामाजसेवी, बुद्धिजीवी आदिको गणना नगरे पनि फरक पर्दैन। राजनीतिक पार्टीका नेता र तिनका लाखौंको संख्यामा रहेका भनिएका कार्यकर्ताको प्रमुख उद्देश्य राष्ट्रको हित र जनताको सेवा गर्नु हो भनेर कोही आजसम्म थाकेको छैन। यी लाखौं राष्ट्रसेवकलाई बेवास्ता गर्दै किन हामी चाररपाँचजना मात्रको संख्यामा रहेका राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, आईजीपी, सचिव वा न्यायाधीशको मात्र किन मुख ताक्छौं ? हुम्लामा खाद्यान्न अभाव हुँदा वा सप्तरीमा बाढी आउँदा सबैभन्दा पहिले ती जनताका घरदैलोमा पुग्ने को हो ? ती ती स्थानमा त्यस्तो समस्या आउन सक्ने खतराबारेमा जानकारी राख्ने र त्यसबाट जोगिनका लागि सचेत गराउने वा भैपरी आउँदा उद्धारमा खट्नुपर्ने पनि त्यसै वडाको सदस्य र वडा सचिव हुन् कि राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, प्रहरी महानिरीक्षक, मन्त्रालयको सचिव वा अरू कोही ? कुनै गाउँको वडा अध्यक्ष, सदस्य नै त्यहाँको प्रधानमन्त्री र मन्त्रीबराबर होइन र ?

मानौं कुनै जिल्लाको कुनै एक कुनामा कुनै घटना भयो भने त्यो घटनामा सबैभन्दा पहिले राज्यको कुन निकायको कुन प्रतिनिधि पुग्छ वा पुग्नुपर्छ ? कुनै जिल्लाको कुनै कुनामा एउटा विद्यालय होस् वा विश्वविद्यालय खुलेको किन नहोस् ? एउटा धार्मिक आ श्रम होस् वा एउटा अनाथालय स्थापना भएको किन नहोस्, त्यहाँ केकस्तो काम हुन्छन् ? त्यसको मापदण्ड के हो र के भइरहेको छ भनेर चौबीसै घन्टा निगरानी गर्न नसके पनि हप्ता, महिना वा वर्षमा एक वा दुईपटक कम्तीमा को पुग्न सक्छ ? को पुग्नुपर्छ ? हामीले यो संरचनाको निर्माण र जिम्मेवारी लिनुपर्छ कि पर्दैन ?

सोलुखुम्बु जिल्ला खुम्जुङ पासाङ ल्हामु शेर्पा गाउँपालिका- ४ मा पर्ने विश्वको सर्वोच्च शिखर सगरमाथामा फोहोरमैला कति थुप्रिएका छन् ? पोखरा महानगरपालिकका कुन वडामा फेवाताल पर्छ ? काठमाडौं महानगरपालिकाको कुन वडामा सिंहदरबार वा वीर अस्पताल छ ? यी क्षेत्रभित्र पर्ने सबै सरकारी, गैरसरकारी वा निजी जायजेथा संस्था आदिको तोकिएको मापदण्ड के हो ? तिनको स्थापना र सञ्चालनका लागि अनुमति दिने को हो ? मापदण्ड पालना भए नभएको अनुगमन कसले कसरी गर्नुपर्छ ? के यसमा पनि राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सचिव वा आईजीपी नै आइदिनुपर्ने हुन्छ र ?

हो, यस्तो हुनु हुँदैन वा यो सम्भव छैन भने त्यो ठाउँमा राज्यका स्थायी प्रतिनिधि वा स्थानीय जानप्रतिनिधिकै तहबाट हुनुपर्ने भूमिका के हो ? एकजना राज्यको प्रतिनिधिले ६० जना सर्वसाधारणले कहाँ के राम्रो वा नराम्रो गर्छन् वा गर्दैनन् भनेर ख्याल गर्नु कुन गाह्रो काम हो ? तर यस्ता हरेक घटना वा हामी एकजना राज्यका प्रतिनिधिवरिपरि रहेका ६० जनामध्ये कुनै एकले गरेका नराम्रा काम वा कसैमाथि आइपरेको विपत्तिका बेला किन आफ्नै सुरक्षाका लागि दर्जनौं सुरक्षाकर्मीले घेरिएर बसेका यिनै निमुखा राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सचिव वा आईजीपीको मुख ताकेर बस्छौं ?कुनै विवादास्पद धार्मिक संस्थाको कार्यक्रमका लागि तीनतीन दिनका लागि झिटीगुन्टा बोकेर होटलको वास बस्नुहुने प्रधानमन्त्री हप्तामा कति दिन आफ्नो कार्यालय जानुहुन्छ र कति घन्टा राज्यका नीतिनिर्माणका लागि तत्सम्बन्धी विज्ञ वा सरोकारावालाहरूसँग काम गर्नुहुन्छ ? मन्त्रीहरू सातामा कति दिन मन्त्रालय जान्छन् र कति समय आआफ्ना विषयगत नीति निर्माणमा समय दिन्छन् ?जबसम्म हामी आफ्ना विरोधी, विपक्षी, विज्ञ वा सरोकारवालाको कुरा सुन्दैनौं तबसम्म हामीले हाम्रा कमीकमजोरी थाहा पाउन र त्यसलाई सच्याउन पनि सक्दैनौं। नमागेकाको यो सल्लाह कसका लागि कति कामयावी होला ? विज्ञ पाठकहरूकै जिम्मा। पंक्तिकारलाई नेपाली गुरु बीआर शर्माले धेरै पहिले हाम्रो नीतिले त यो पनि भन्छ भनेर सुनाउनुभएको थियो- आफ्नै आँगनमा राख झुपडी रची निन्दकविना साबुनपानीले पार निर्मल जीवन। -अन्नपूर्णपोष्टबाट

## थारुको अधिकारलाई...

माघी पर्व थारु समुदायको नया वर्षको रुपमा रहेको भन्दै यसले थारुको पहिचानलाई उच्च बनाउने विश्वास व्यक्त गरे। अन्य समुदायका भन्दा थारु समुदायका खाना परिकार पृथक रहेको भन्दै मेला महोत्सवले ति परिकारको स्वाद र प्रचार प्रसारमा टेवा पुग्ने मन्त्री चौधरीले बताए। कार्यक्रममा प्रदेश सभा सदस्य अर्जुन कुमार केसीले कपिलवस्तु जिल्लाको पश्चिमि क्षेत्रमा थारु समुदायको वाहुल्यता रहेकोले यस क्षेत्रमा होमस्टे जस्ता अन्य पहिचान देखाउने कृयाकलापमा सहभागी हुनुपर्ने वताए । कपिलवस्तुको विजयनगर गाउँपालिकामा होमस्टे संचालन गर्ने तयारी भइरहेको समेत केसीले वताए। थारु समुदायका परिकारहरुको स्वादिष्ट हुने भएकोले सवैले परिकारहरु खान रुचाउने गरेको उनले जनाए ।कार्यक्रममा वोल्ने अन्य वक्ताहरुले मेलाले थारु समुदायको भेषभुसा पहिचान वनाउने वताएका छन ।मेला माघ ४ गते सम्म संचालन हुने। मेलामा राष्ट्रिय तथा स्थानिय कलाकारहरुको प्रस्तुती रहने आयोजकको भनाई छ।

थारु समुदायले हर्षोउल्लासका साथ मनाउने माघी पर्वको अवसरमा आयोजित कार्यक्रममा थारु सुमदायको विभिन्न भेषभुसा सहितका झाकिहरु प्रस्तुत गरिएको थियो । थारु समुदायका युवतीहरुको आकर्षक गरगहना लुगा थरीथरी का शिरदेखि पाउँसम्म झकिझकाउले अतिथि र दर्शकको मन लोभ्याएको थियो । मगौरी, बिज्लीबाला, सुतिया, हुमेल, कन्सेहरी, हातमा तरिया, खुट्टामा लगाउने काठले बनेको पाउवा, पाउँजुमा सजिएका थारु युवतीहरुले महोत्वसको शोभा बढाएका थिए।

पुरुषहरू भने सेतो धोती, शिरमा टोपी, चौबन्दी, डग्ली, भेग्वा र जुत्ता जस्तै पौवा लगाएका थिए। शिवराज नगरपालिका उपप्रमुख शिवकुमारी थारु पनि जातिय पोशाकमा सजिएका थिइन । उपप्रमुख थारुले माघी पर्व परम्परा देखि मनाउदै आएको पर्व रहेको वताइन । थारु समुदायले मात्रै मनाउदै आएको पर्व अहिले अन्य समुदायले पनि धुमधामका साथ मनाउन लागेको उनले बताइन।

# महिला फोरममा निशा

**नारद कोहार**
कपिलवस्तु,२ माघ




संघीय समाजवादी महिला फोरम, कपिलवस्तुको जिल्ला अध्यक्षमा रोजना निशा मियाईन निर्वाचित हुनु भएकोछ ।४१ सदस्यीय समितिको पुनर्गठन फोरम नेपालका राजनितिक समिति सदस्य तथा प्रदेश नं. ५ का संसदीय दलका नेता सहसराम यादवको उपस्थितीमा भएको हो। भेलावाट उपाध्यक्षमा सत्यवाती हरिजन, सचिवमा सुमन्ता यादव, सहसचिवमा रिंका ठाकुर, कोषाध्यक्षमा गुलाब गडारिया चयन हुनु भएकोछ । नयाँ कार्यसमितिलाई सफल कार्यकालको शुभकामना दिदै सांसद यादवले मधेशी, जनजाती, अदिवासीहरुको अधिकारको लडाईमा महिलाहरुको सक्रिय सहभागिता रहेको तथा अगामी दिनमा आफ्नै जोडदार रुपमा उठाउन नयाँ कार्यसमितिले अहम भुमिका खेल्नु पर्ने बताउनु भयो। महिला फोरमको प्रदेश नं. ५ की अध्यक्ष निलम यादवले महिलाहरुलाई नेतृत्वमा ल्याउन संघीय समाजवादी फोरम नेपाल सधै तयार रहेको बताउनु भयो । नवनिर्वाचित अध्यक्ष रोजना निशाले महिला फोरमले दिएको जिम्मेवारीलाई पुर्णरुपमा सफल बनाउन नेतृत्वदायी भूमिका खेल्ने स्पष्ट पार्नु भयो।सबैको साथ र सहयोगले महिला फोरमलाई शाक्तिशाली बनाउने प्रतिबद्धता व्यक्त गर्नु भयो।

# शैक्षिक अनुदानको छानविन शुरुः सभापति

बुटवल २ माघ

प्रदेश ५ मा सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर र पूर्वाधार विकासका लागि सामाजिक विकास मन्त्रालयले १२ करोड ४० लाख रुपैयाँ बाँडेकोमा छानविन शुरु भएको छ। प्रदेश सभा सदस्यकै गुनासो आएपछि सामाजिक विकास समितिले छानबिन सुरु गरेको हो।

शैक्षिक अनुदान वितरणमा भेदभाव भयो भन्ने गुनासो सदस्यबाटै आएकाले छानबिन शुरु भएको सामाजिक विकास समिति सभापति दीर्घनारायण पाण्डेले वताउनु भयो। मापदण्ड नै तयार नगरी सुटुक्क रकम बाँडदा त्यसले प्रतिफल नदिने भन्दै छानबिन गर्नुपर्ने सदस्यले माग गरेका हुन। प्रदेशसभा सदस्य अष्टभुजा पाठकले अनुदान वितरणसम्बन्धी जानकारी प्रदेशका ५० प्रतिशत क्याम्पसले नपाएको गुनासो गर्नु भयो। मन्त्रालयको वेबसाइटमा छोटो सूचना जारी गरेर करोडौं रकम वितरण गर्नु गलत भन्दै त्यसको निष्पक्ष छानबिनका लागि उनले आग्रह गर्नु भयो।

छानबिनपछि सबै तथ्य सार्वजनिक गर्ने उहाँको भनाइ रहेको छ। सामाजिक समितिको पुस १७ मा बसेको बैठकले शैक्षिक अनुदान बाँड्नुको कारण, मापदण्ड र कार्यविधि माग गरेको थियो। तर, मन्त्रालयले उक्त मागअनुसारको कुनै पनि विवरण नदिएपछि समितिको बिहीबार बसेको बैठकले पुन विवरण पेस गर्न ताकेता गर्ने निर्णय गरेको छ। प्रदेश ५ मा १ सय ४ सामुदायिक क्याम्पस रहेका छन। सामाजिक विकास मन्त्रालय अन्तर्गत १५ करोड रकम विनियोजन भएको थियो।

मन्त्रालयका प्रवक्ता मित्रमणि खनालले उक्त समितिले बनाएको मापदण्ड अनुसार शिक्षा विकास निर्देशनालयले १५ दिने सूचना सहित कतिपय क्याम्पसलाई फोन सम्पर्क गरेर जानकारी दिएको वताउनु भयो । त्यस अवधिमा आवेदन दिएका ६३ वटै क्याम्पसलाई अनुदान बाँडिएको वताईएको छ।

# शितगंगामा बनवाटै स्वरोजगार

अर्घाखाची २ माघ

अर्घाखाँचीको शीतगंगा नगरपालिका वडा नं १३ धिरीखोला सामुदायिक वनका उपभोक्ता सचेत भएका छन्। अहिले उक्त क्षेत्रका उपभोक्ताहरु बाह्रै महिना वन संरक्षण, रूख हुर्काउने र झाडी सफा गर्नमा व्यस्त भएका छन्। २ सय ७ मध्ये १ सय १६ हेक्टर क्षेत्रफललाई वैज्ञानिक दिगो वन व्यवस्थापन गरिएपछि उपभोक्ताहरु वन संरक्षणमा लागेका हुन्। वनको व्यवस्थापनका लागि वनमा रहेका पुराना बूढा रूख काटिएको छ भने वैज्ञानिक बनाएजतिको वन क्षेत्र तारबारले घेरिएको छ। सो सामुदायिक वनमा सीधा रूख, वन सफा र चिटिक्क पारिइएको छ । जसले गर्दा जिल्लाभित्र र बाहिरबाट हेर्न आउनेको घुइँचो नै लाग्ने गरेको र यसै वर्ष गणेशमान सिंह सामुदायिक वन राष्ट्रिय पुरस्कार पाएर नेपालकै दोस्रो भएपछि यसले थप चर्चा पाएको उपभोक्ता समूहका अध्यक्ष नारायण पौडेलले वताउनु भयो । अहिले गाउँका सबै महिला वन संरक्षणमा सक्रिय रहेको वन समूहकी पूर्वअध्यक्ष सीमा गुरुङले वताउनु भयो । वनले गर्दा सो वडाको भंगला गाउँका ३२ घरपरिवार स्वरोजगार बनेका वनेका छन्। रोजगारका लागि परदेश धाउनु परेको छैन। भंगला गाउँ वनबाटै स्वरोजगार उन्मुख भएको हो। काठ र दाउरा बेचेको आम्दानीले उपभोक्ताले ऋण लगेर पशुपालन, तरकारी खेती गरेको स्थानीयको भनाई रहेको छ।

## प्रहरी इन्सपेक्टर...

**अर्को प्रदेशको प्रहरी** :

विधेयकमा कुनै प्रदेशमा गम्भीर अशान्ति भएको वा हुन सक्ने अवस्था आएमा अर्को प्रदेश प्रहरीको सहयोग लिन सक्ने व्यवस्था छ। त्यसका लागि प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालयले नेपाल सरकार गृह मन्त्रालयलाई कारणसहित लेखी पठाउनुपर्ने हुन्छ। अर्को प्रदेशको प्रहरी परिचालन गर्नुपर्ने लागेमा नेपाल सरकार गृह मन्त्रालयले सम्बन्धित प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालयलाई निर्देशन दिनसक्ने व्यवस्था पनि उल्लेख छ। यसरी एक प्रदेशको प्रहरी अर्को प्रदेशमा खटिएर काम गर्नुपर्ने अवस्था आएमा त्यसको समन्वय नेपाल प्रहरीले गर्नेछ।प्रदेश प्रहरी प्रमुखले आफ्नो प्रदेशमा भएका काम कारबाहीको मासिक प्रतिवेदन नेपाल प्रहरी र सम्बन्धित प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालयमा पेस गर्नुपर्ने हुन्छ।

**प्रदेशमा समन्वय इकाइ** :

राष्ट्रियस्तर वा एकभन्दा बढी प्रदेशमा प्रभाव पार्ने सूचना एवं सहयोग आदानप्रदान गर्न प्रत्येक प्रदेश प्रहरी कार्यालयमा एउटा समन्वय इकाइ गठन गरिने उल्लेख छ। दुई वा त्यसभन्दा बढी प्रदेशमा सञ्चालन हुने प्रहरी कार्यका लागि थप मद्दत लिनु वा दिनुपर्ने अवस्था आएमा यस इकाइले काम गर्नेछ।
प्रदेश प्रहरीमा इन्सपेक्टर :

प्रहरी निरीक्षकसम्म मात्र प्रदेश प्रहरी मातहत रहने उल्लेख छ। त्योभन्दा माथिल्लो तथा राजपत्राङ्कित द्वितीय श्रेणी वा सोभन्दा माथिल्लो दर्जाको प्रदेश प्रहरीको पदमा नेपाल प्रहरीको दरबन्दी कायम हुने उल्लेख गरिएको छ।

त्यस्तो पद प्रमुख हुने कार्यालयमा संघीय कानुन बमोजिम अपराध अनुसन्धान गर्ने प्रयोजनका लागि आवश्यक संख्यामा नेपाल प्रहरीको दरबन्दीसमेत राखिने व्यवस्था छ।

**नीति तथा समन्वय समिति** :

नेपाल प्रहरीमा बृहत्तर र दीर्घकालीन प्रभाव पार्ने लगायतका नीतिगत विषयमा सुझाव दिन तथा आवश्यकता अनुसारको नीतिगत समन्वय गर्न प्रहरी प्रधान कार्यालयमा नीति तथा समन्वय समिति रहने उल्लेख छ।त्यस्तै प्रदेश प्रहरीको नियुक्ति, बढुवा, सेवासुविधा लगायतका विषयमा लोकसेवा आयोगको परामर्श लिनुपर्नेसमेत व्यवस्था गरिएको छ।

**शुद्धोधन गाउँपालिका**
गाउँकार्यापालिकाको सन्देश
– बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निमार्ण गरौं।

**मायाँदेवी गाउँपालिका**
गाउँकार्यापालिकाको सन्देश
– स्वस्थ र सुखी परिवारका लागि दुर्व्यसनलाई नाई भनौं।

**यशोधरा गाउँपालिका**
गाउँकार्यापालिकाको सन्देश
– सांस्कृतिक, धार्मिक र प्राकृतिक सम्पदाको रक्षा गरौं




# श्रद्धालु भक्तजनको उच्च भीड

रिडी २ माघ



कालीगण्डकी नदीको रिडीमा स्नान गर्ने श्रद्धालु भक्तजनको भीड यसवर्ष अत्याधिक लागेको छ। माघे सङ्क्रान्तिको अवसरमा कालीगण्डकी नदीमा स्नान गर्दा पूण्य हुने जनविश्वासले मानिस कालीगण्डकी नदीको स्नान गर्न पुग्दा त्यस क्षेत्रमा चहलपहल बढेको हो। मङ्गलबारदेखि शुरु भएको माघे सङ्क्रान्ति पाँच दिनसम्म सञ्चालन हुने तानसेन-१४का वडाध्यक्ष कमल रानाले बताउनुभयो। पाल्पा, गुल्मी र स्याङ्जाको सङ्गमस्थल रिडीमा माघेसङ्क्रान्तिको दिन कालीगण्डकी नदीमा स्नान गर्न पाल्पा, गुल्मी, नवलपरासी, कपिलवस्तु, रुपन्देही, काठमाडौं र भारतदेखि भक्तजन आउने गर्छन् । भक्तजनको बिहानैदेखि ऋषिकेश मन्दिरमा दर्शन गर्नेको अहिले घुइँचो लागेको छ। नेपालका चारमध्ये एक धामको रूपमा परिचित छ । रिडी क्षेत्र धार्मिक, ऐतिहासिक तथा पर्यटकीय दृष्टिले पनि निकै महत्वपूर्ण मानिन्छ। कालीगण्डकीमा स्नान गरी रूरूकन्याको दर्शन गरेमा पापबाट मोक्ष प्राप्त हुने किंवदन्ती रहेको पाइन्छ। माघेसङ्क्रान्तिको पहिलो दिन नै व्यापारी तथा श्रद्धालु भक्तजन आएपछि यहाँ चहलपहल बढेको स्थानीयवासी विष्णु परियारले बताउनुभयो। माघे सङ्क्रान्तिमा खुदो र गुणको व्यापार निकै हुन्छ। हिमाली क्षेत्र हुम्ला, जुम्ला, रुकुम, रोल्पादेखि बागलुङ, पर्वत, पाल्पा, गुल्मी, रुपन्देही, नवलपरासी, कपिलवस्तुलगायतका व्यवसायी व्यापारका लागि यहाँ आएको परियारको भनाइ छ । मेलामा हिमाली जिल्लामा उत्पादित कम्मल, काम्ला, पाखी, बाँसबाट निर्मित सामग्री र ओखरका घाँजी किनबेच हुँदै आएको छ। गुल्मीलगायत पाल्पा, स्याङ्जा, अर्घाखाँची, बागलुङ्मा उत्पादित बासका साम्रगी, कृषि उत्पादन, कपडालगायत खुद्रो, काठका सामग्री, उनीजन्य वस्तु रिडीको माघी मेलामा कारोबार हुने गर्दछ।

# विज्ञको ठहरः गणित अब्यवहारीक

रुपन्देही २ माघ

गणित विषयलाई व्यावहारिक र दैनिक जीवनमा आइपर्ने समस्या समाधानका रूपमा नलिँदा विद्यार्थी कमजोर बन्दै गएको विज्ञहरूले बताएका छन् । पाठ्यक्रम निर्माण सरल र समस्या पहिचान गर्ने नहुँदा पनि गणितको सिकाइ उपलब्धि घट्दै गएको दाबी गरेका छन।गणितलाई सरलीकृत गरी व्यवहार उपयोगी बनाउन बुटवलमा सातौं राष्ट्रिय गणित सम्मेलन सुरु भएको छ। सहभागी विज्ञले गणित दैनिक जीवनयापनको अनिवार्य विषय भएकाले त्यसलाई सरलीकृत गरी व्यवहार उपयोगी बनाउन आग्रह गरेका हुन्।शिक्षकले कक्षा कोठामा पर्याप्त समय नदिँदा पनि विद्यार्थीको गणित सिकाइ उपलब्धि कमजोर देखिएको विज्ञहरूको भनाई रहेको छ। विद्यालय तहमा गणितको ५ दिन ४५ मिनेटका दरले मात्रै पढाइ हुन्छ। अन्य विषयको तुलनामा गणितको विषयगत उद्देश्य धेरै हुने तर समय नहुने भएकाले यसमा विद्यार्थी कमजोर देखिएको र यस्तोमा कक्षा शिक्षणमा सुधार गर्न र गणितलाई बढी समय दिन विज्ञले सुझाव दिएका छन् । सम्मेलनमा विद्यालयतहदेखि विश्वविद्यालयसम्मका छनोट गरिएका शिक्षक र विज्ञको सहभागीता रहेको छ।

## कृष्णनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### कृष्णनगर, कपिलवस्तु
### ५ नं. प्रदेश

## आन्तरिक आय संकलन सम्बन्धि शिलबन्दी बोलपत्र आव्हानको सूचना

*प्रथम पटक प्रकाशितः२०७५/१०/०३*

कृष्णनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको निर्णय बमोजिम तपसिलमा उल्लेखित आय शिर्षकहरुमा निम्न अनुसारको न्यूनतम ठेक्का अंकमा नघटने गरि आ.व.२०७५/०७६ को २०७५ फाल्गुन महिना देखि २०७६ अषाढ महिना सम्मको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा इच्छुक फर्मरव्यक्तिहरुबाट आफुले लिन चाहेको ठेक्काको बोलपत्र फारम दस्तुर फिर्ता नहुने गरि तपसिलमा उल्लेखित भएको म्यादभित्र बोलपत्र खरिद गरि आफुले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशतका दरले हुने रकम नगदै वा यस नगरपालिकाको नेपाल बैंक लिमिटेड कृष्णनगर स्थित धरौटी खाता नं. ०१४०३०००००००३००००८ मा जम्मा गरेको सक्कलै भौचर वा १२० दिन सम्म म्याद भएको मान्यताप्राप्त वाणिज्य बैंकबाट जारी गरिएको बैंक जमानत बोलपत्रसाथ राखी निर्दिष्ट स्थानमा बोलपत्रदाताको सहिछाप गरि सिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरू**:

१. बोलपत्र फारम र शर्तहरुको सूची यस कार्यालयको राजस्व शाखाबाट तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरि ) तिरी खरिद गर्न सकिने छ ठेक्काको लागि कुनै प्रकारको छुट दिइनेछैन।
२. बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औ दिन सम्म कार्यालय समय भित्र र उक्त दिन बिदा परेमा सोको भोलि पल्ट कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखाबाट बोलपत्र खरिद गर्न सकिने छ।
३. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२:०० बजे भित्र यस नगरपालिका कार्यालयमा बोलपत्र दर्ता गर्न सकिनेछ दर्ता भएकै दिनको २:०० बजे बोलपत्र बोलदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ बोलपत्र दाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
४. कार्यालयबाट बिक्री नभएको, बोल्पत्रदताको दस्तखत नभएको र शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।
५. रित नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
६. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
७. बोलपत्र फारम खरिद गर्न,दाखिल गर्न,खोल्ने दिन सार्बजनिक बिदा परेमा क्रमशः सोको भोलिपल्ट सोहि समयमा खरिद ,दर्ता तथा खोल्ने कार्य गरिनेछ।
८. कर/शुल्क उठाउन आवश्यक कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार स्वयमले गर्नु पर्नेछ नगदी रसिद ठेकेदारले आफनै तर्फबाट छपाइ यस कार्यालयमा पेश गरि प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेछ।
९. बोलपत्र भर्दा अंक र अक्षर दुबैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेख रकमलाइ मान्यता दिइनेछ।
१०. ठेक्कामा कुनै विवाद भएमा कृष्णनगर नगरपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ।
११. नगरपालिकाले तोकेको स्थानमा मात्र संकलन केन्द्र राखी कर/शुल्क असुल गर्नुपर्नेछ।
१२. ठेक्का अवधि २०७६ अषाढ मसान्त सम्म रहनेछ साथै भएकोले बन्द हड्ताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाइने छैन।
१३. यसमा नपरेको अन्य कुराहरु प्रचलित ऐन,नियम अनुसार हुनेछ।
१४. यस सुचनामा उल्लेख भएका शर्तहरु अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धि अन्य शर्तहरुमा प्रत्येक बुंदाहरु यसै सूचनाका शर्तहरु सरह लागु हुनेछ।
१५. यस सम्बन्धमा अन्य थप केहिह कुरा बुझ्नु परेमा यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिने छ।

**तपसिल**:

| क्र.स. | कर दस्तुरको विषय(शिर्षक) | न्युनतम अंक | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|
| १. | भारतीय सवारी शुल्क | ३५,००,०००.०० | ३०००.०० |

**षड कुमार पोखेल**
**नि.प्रमुख प्रशासकीय अधिकृत**

# साना किसानलाई स्वरोजगार कसले बनायो ?

**मीना भुसाल**
कपिलवस्तु २ माघ



साना किसानलाई सहुलियत दरमा ऋणदिई स्वरोजगार बनाउनसाना किसान कृषि सहकारी सस्था लिमिटेडको मुख्य भूमिका रहेको किसानहरुले गर्वका साथ वताउन थालेका छन् ।

एकका लागि सबै र सबैका लागि एक भन्ने सहकारीको नारालाई आत्मासाथ गर्दै वि.स. २०५४ साल श्रावण १ गते साना किसान कृषि सहकारी संस्था लिमिटेड मोतिपुरमा स्थापना भएपछि अहिले सम्म यस सहकारी संस्थामा २४ सय ८४ जना सदस्य आवद्धछन् ।चाहिएका बेला सबैध सारथी बन्ने भनेकै यही सहकारी हो । यस सहकारी संस्थाले ग्रामीण स्तरमा असंगठित रुपमा छरिएर रहेका न्युन आयस्तर र प्राविधिक ज्ञान सिप नभएका साना किसानलाई समुहमा संगठित गरि उनिहरुकै माग अनुसार काम गर्दै आएको छ । उचित व्याज दरमा ऋण प्रवाह गर्ने, साना किसान समुहमा आबद्द भएका किसानलाई कृषि सम्बन्धि तालिमको व्यवस्था गर्ने, संस्थामा मुनाफा आर्जन गरि उक्त मुनाफा सामाजिक विकासमा लगानी गर्ने उदेश्यले काम गरेको संस्थाका अध्यक्ष भीम प्रसाद सापकोटाले बताउनु भयो ।

सदस्यले लगेको ऋण कृषिमा लगानी नगरेको थाहा भएमा डबल तिर्नु पर्ने व्यवस्था रहेको समेत उहाले बताउनु भयो । कृषकहरुले पनि यस संस्था प्रति राम्रै दृष्टिकोण राखेको सापकोटाले जनाउनु भयो । साना किसानलाई ठुला किसानले दवाउन खोज्ने प्रबृत्ति प्रति उहाले दु.ख प्रकट गर्नु भयो । सरकारले पनि साना किसानका हकमा काम गर्ने कुरा गरे पनि अझैसम्म कुनै काम नगरेको उहाको दावि छ । बिशेष गरि यस संस्थाले दुधजन्य र मासुजन्य व्यवसायका लागि कर्जा दिने गरेको प्रष्ट पार्नु भयो । संस्थामा आएको मुनाफाबाट सबै वडामा २-२ लाखको शौचालय निर्माण गरेको उहाले बताउनु भयो ।

त्यस्तै यस साना किसान सहकारी संस्थाबाट सुरुमा दुइ भाइको नाममा ३/,३ लाख लगेर कुखुरा पालनबाट सुरु गरेर हाल बंगुर पालन, माछापाल व्यवसाय गर्दै आएको बाणगंगा नगरपालिका ७ धनेसपुर स्थित मित्रलाल सापकोटाले सहकारी नै साना किसानको स्वरोजगार बन्ने अभियानको निर्विकल्प सस्थ ।बनेको बताउनु भयो । साना किसानले सुरुको अवस्थामा सहयोग नगरेको भए व्यवसायलाई यसरी अगाडि बढाउन नै नसकिने प्रष्टयाउनु भयो । साना किसानको सहयोगबाट सञ्चालन गरेको व्यवसायबाट हाल मासिक ७५ हजार आम्दानी गर्न सफल हुनु भएको छ । साना किसानले मासु जन्यमा सहुलियत कर्जा ल्याएको खबर पाएर खुसी हुदै कर्जा लिएर सुरु गरेको उहाले बताउनु भयो । साना किसानले किसानलाई दिने कर्जा ३ लाखबाट बढाएर १५-२० लाख सम्म पुृयाउन सक्यो भने किसानलाई सहयोग पुग्ने कुरा उहाले बताउनु भयो । राज्यले साना किसानलाई सहयोग गर्ने हो भने पछिल्लो समय विदेश जाने प्रविधिलाई केहि हद सम्म भए पनि न्युन गर्न सकिन्छ ।







# नकआउट फुटबल सुरु




शैलेन्द्र कुमार चौधरी
कपिलवस्तु माघ ०२

स्वास्थ शरीर,स्वास्थ मस्तिष्क भन्ने मुल नाराका साथ बाणगंगा नगरपालिका ११ ओदारीमा बुद्धशान्ति युवा क्लव ओदारी ले वडा स्तरीय फुटवल प्रतियोगिता आयोजना गरेको छ ।प्रतियोगिताको बुधबार मर्थीको खेल मैदानमा फुटवल कार्यक्रमको उद्घाटन गर्दै वडा नं. ११ का वडा अध्यक्ष सोमनाथ अर्यालले खेलकुदको विकासले देश विकास र अन्र्तराष्ट्रिय स्तरमा नेपालका पहिचान गराउन सहयोग पुग्ने बताउनु भयो । यस्ता वार्ड स्तरीयमा गरिने खेलकुदप्रतियोगितालाई नगरपालिकाले सहयोग गर्ने अध्यक्ष अर्यालले बताउनुभयो । बुद्धशान्ति युवा क्लवका अध्यक्ष जनक अर्यालको अध्यक्षता ,कृष्ण भुसालको सञ्चालन मा भएको, कार्यक्रममा राजेश चौधरी, नारायण खनाल लगाएतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।प्रतियोगितामा १० टिमको सहभागिता रहेको छ । खेल माघ ८ गते सम्म सञ्चालन हुने अयोजकले जानकारी गराएको छ ।यस्तै उद्घाटन खेलमा २ खेल सम्पन्न भएको छ जसमा ओदारी र भड्सडवा विच भएको खेलमा ओदारी विजय भएको छ । भने दोस्रो खेलमा मैनहरा र वनकटवा विच भएको खेलमा मैनहरा विजय भएको थियो ।

# कपिलवस्तुमा चौथो राष्ट्रिय योग दिवस

जीतपुर २ माघ



‘शान्ति र समृद्धिका लागि योग’ भन्ने मूल नाराका साथ चौंथो राष्ट्रिय योग दिवस कपिलवस्तुमा समेत विभिन्न कार्यक्रम गरी मनाइएको छ । यसै अवसर पारेर मंगलबार बाणगंगा स्थित होराइजन उच्चमाविमा योगाभ्यास कार्यक्रम आयोजना गरिएको छ ।पताञ्जली योग जिल्ला समिति कपिलवस्तुको आयोजना र होराइजनको ब्यवस्थापनमा भएको योग अभ्यासको पानसमा बत्ति वालेर पत्रकार महासंघका पूर्व अध्यक्ष भेषराज पाण्डे , संचारीका समुह प्रदेश ५का अध्यक्ष पार्वती पाण्डे, र पतञ्जली योग जिल्ला समिति कपिलवस्तुका अध्यक्ष कृष्णमुरारी ज्ञवालीले संयुक्त रुपमा शुभारम्भ गर्नु भएको थियो । योग अभ्यासपछि आयोजित दिवस समारोहमा बोल्दै रोटरी क्लव अफ कपिलवस्तु मिडटाउन जीतपुरका अध्यक्ष एवम शिक्षा बिद बासुदेव घिमिरेले सबै प्रकारको रोगबाट मुक्ति मिल्ने योगाभ्यास गाउ घर शहर वजार सबै तिर गर्न जरुरी रहेको बताउनु भयो ।

त्यस्तै योगको महत्व स्पष्ट पार्दै बुद्ध आवाज टेलिभिजनका ब्यवस्थापक भेषराज पाण्डेले योगले शारिरीक तथा मानसिक रुपमा पनि नागरिकलाई स्वस्थ बनाउने भएकाले सरकारले यसलाई जोड दिएर राष्ट्रिय दिवसको रुपमा मनाउने गरेको स्पष्ट पार्नु भयो । सो अवसरमा पतञ्जलीयोग जिल्ला समिती कपिलवस्तुका महासचिव पोमनारायण पौडेल,होराइजनका सह प्राचार्य विष्णुमाया श्रेष्ठ ,योग गुरु पुनाराम गिरी,मोतिपुर आयुर्वेद अस्पत्तालका प्रमुख चेत वहादुर राना लगायतले योगाभ्यासको आवश्यक्ता र औचित्यको बारेमा प्रकाश पार्नु भएको थियो ।कार्यक्रम पताञ्जली योग जिल्ला समिति कपिलवस्तुका अध्यक्ष कृष्ण मुरारी ज्ञवालीको अध्यक्षतामा भएको थियो । त्यस्तै मोतिपुर आयुर्वेद अस्पत्तालको आयोजना र बाणगंगा वडा नं ८ का अध्यक्ष गुणानिधी भुसालको अध्यक्षमतामा समेत चौथो राष्ट्रिय योग दिवस भब्य रुपले मनाइएकोछ ।

# भौतिक पुर्वाधारमा जुट्दै

नेपालगञ्ज, २ माघ

नेपालगञ्जका खेलप्रेमी, खेल पदाधिकारी, उद्योगपति, व्यापारी, राजनीतिक दलका स्थानीय नेता कार्यकर्ता, स्थानीय जनप्रतिनिधिलगायत आठौं राष्ट्रिय खेलकूदको व्यग्र प्रतिक्षामा छन् । पूर्वको विराटनगरमा भएको सातौं राष्ट्रिय खेलकूद प्रतियोगिता समापनमा आठौं राष्ट्रिय खेलकूद प्रतियोगिता नेपालगञ्जमा गर्न सक्ने आँट र साहसका साथ झण्डा ग्रहण गर्नुभएका मध्यपश्चिम क्षेत्रीय खेलकूद विकास समिति प्रदेश नं ५ का अध्यक्ष भीम ओलीलगायत नेपालगञ्जका सबै पक्ष अहिले युद्धस्तरमा खेलकूदको भौतिक पूर्वाधार निर्माणमा जुटेको छ।

“आठौं राष्ट्रिय खेलकूद प्रतियोगितालाई भव्य र सभ्य रूपमा सम्पन्न गर्ने तयारीमा जुटेका छौं”, अध्यक्ष ओलीले भन्नुभयो । नेपालगञ्जमा २०१० सालमा निर्माण गरिएको रङ्गशालालाई भण्डै रु २५ करोडको लागतमा अहिले अत्याधुनिक बनाइँदैछ । रङ्गशाला क्षेत्रभित्र कभर्डहलको मर्मतसम्भार, नयाँ सुटिङरेन्ज, भारोत्तोलन, पौडीपोखरी, क्रिकेट मैदानलगायत संरचना धमाधम निर्माण भइरहेको छ।

गत मङ्सिर २१ गते गर्ने भनिएको सो प्रतियोगिता भौतिक पूर्वाधार निर्माणमा भएको ढिलाइले हुन सकेको थिएन । राष्ट्रिय खेलकूद परिषद्ले अहिले फागुनको दोस्रो सातादेखि सो प्रतियोगिता आयोजना गर्ने घोषणा गरेको छ। अध्यक्ष ओलीका अनुसार, भौतिक पूर्वाधार निर्माणको ९० प्रतिशत काम सम्पन्न भएको छ । “अब तोकिएकै समयमा प्रतियोगिता सञ्चालन हुन्छ,” उहाँले भन्नभयो।

आठौं राष्ट्रिय खेलकूद प्रतियोगिताको उद्घाटन र समापन नेपालगञ्ज रङ्गशालामा गरिनेछ भने बाँकेको कोहलपुर र खजुरा, बर्दियाको गुलरिया र ठाकुरद्वारा, दाङको बेलझुण्डी, कपिलवस्तु र रुपन्देहीमा समेत केही खेल हुने अध्यक्ष ओलीले बताउनुभयो । प्रतियोगिताका लागि बर्दिया राष्ट्रिय निकुञ्जको पहिचान झल्किने गरी हात्तीको छावालाई ‘मष्कट’का रूपमा राखेपले पारित गरिसकेको छ । प्रतियोगिता समयमै आयोजना गर्न सङ्घीय, प्रदेश नं ५ र त्यसअन्तर्गतका स्थानीय तहसँग क्षेत्रीय खेलकूद विकास समितिले सबैखाले सहयोग, सहकार्य र अपनत्व ग्रहण गर्न आग्रह गर्दै आएको छ। प्रतियोगितामा ३५ खेलका पाँच हजारभन्दा बढी खेलाडी सहभागी हुने बताइएको छ।


– व्यक्तिगत घटना जस्तै जन्म मृत्यु वसाइसराई घटेको ३५ दिन भित्र सम्बन्धित वडा कार्यलयमा दर्ता गराऔं।
अनुरोधक :-
कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

– बालबालिकालाई पढ्न पठाऔं, उनिहरुको सुखद भविष्यलाई सुनिश्ति गरौं ।
अनुरोधक :-
महाराजगञ्ज नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

– रोगको समयमा उपचार गर्नु पर्दछ । उपचारको लागि धामी झाँक्री कहाँ होइन स्वास्थ्यकर्मी एवं स्वास्थ्य संस्थामा जाऔं ।
अनुरोधक :-
बाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु


**राहदानी हराएको सूचना**

मेरो निम्न विवरणको राहदानी गजेहडा बाट बुटवल जानेक्रममा २०७५ मंसिर १६ गते हराएकाले पाउनुहुने महानुभावले नजिकको प्रहरीकार्यालयमा बुझाइदिनुहुन अनुरोध छ ।

**नाम : युवराज चन्द**
ठेगाना : वा.न.पा ४ गजेहडा
सम्पर्क नं.: ९८०७४६२१५९
**राहदानी नं.: ०६४१०३०८**


कमन नेपाल प्रा.लि.द्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि अध्यक्षः डी.पी. शर्मा, अतिथि सम्पादकः नारायणप्रसाद पौडेल, सम्पादकः भेषराज पाण्डे, प्रबन्ध निर्देशकः लक्ष्मण बेल्बासे,
कार्यकारी सम्पादकः पार्वती पाण्डे, सह-सम्पादकः डिलाराम भुसाल, पश्चिम ब्यूरोः एस.आर.सि.टि., बजार व्यवस्थापकः रामु पौडेल, कम्प्युटर सेटिङ्ः शैलेन्द्र कुमार चौधरी ईमेलः buddhadarpan@gmail.com
प्रधान कार्यालयः बाणगंगा नगरपालिका-१०, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्सः ०७६-५५०२६० कर्पोरेट अफिसः प्रदेश नं. ५, बुटवल उ.म.न.पा. ८ ट्राफिक चोक मोः- ९८५७०५०९७०,मुद्रणः कलर अफसेट प्रेस, प्रदेश नं. ५ बुटवल, रुपन्देही